**बैठक संख्या: १०-०८१।८२**

आज मिति २०८१।११।२० गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)
९. श्री वसमती राना (गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी (गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा (गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की (गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली (गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी (गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

आमन्त्रित:

१. खगेन्द्र चौधरी स्वास्थ्य शाखा प्रमुख

लालझाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

**बैठक संख्या:१०आ.व.२०८१।०८२ मिति:२०८१।११।२०गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१**

यस गाउँपालिकामा मिति २०८१-११-२२ गते देखि ऐ २४ गते सम्म नेपाली सेनाको प्राविधिक सहयोगमा सञ्चालन हुनगइरहेको विपद सम्बन्धी कृतिम अभ्यास तथा वृहत स्वास्थ्य शिविरमा सहजिकरण गर्ने र उक्त शिविरमा प्राविधिक टिमको लागि खाजा खर्च लगायतको खर्च व्यवस्थापन गाउपालिकाबाट गर्ने निर्णय सर्व सम्मत्तीबाट पारित गरियो।

**निर्णय नं.२**

यस गाउँपालिकाको वडा नं.५ को दोदा नदी क्षेत्रमा तटबन्ध निर्माण आयोजनाको निर्माण कार्यमा उक्त तटबन्ध निर्माण उपभोक्ता समितिसँग साझेदारीको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस गाउँपालिकाको सोही वडाबाट वेरोजगारको सूचिमा सुचिकृत भएका श्रमिकहरुलाई कामकाजमा लगाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.३**

यस गाउँपालिकाको वडा नं १ स्थित (सुख्खड) लालझाडी पार्क निर्माणका लागि आ.व.२०८१/२०८२ मा नेपाल सरकार शसर्त अनुदानबाट स्वीकृत बजेट अनुसार दरभाउ पत्र (ठेक्का) खोली बाँकी रहेको बचत रकमबाट पुन:पार्क निर्माण सम्बन्धी थप कार्यका लागि पुनः ठेक्का प्रकृया अगाडी बढाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.४**

आ.व.२०८१/२०८२ मा स्वीकृत १० शैया अस्पताल घेरपर्खाल तथा सटर निर्माण कार्यक्रमको ठेक्का खोली बाँकी रहेको बचत रकमबाट उक्त आयोजनाको अधुरो कार्यका लागि पुन: ठेक्का प्रकृया अगाडी बढाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.५**

यस लालझाडी गाउँपालिकाबाट आ.व.२०८१/२०८२ मा आन्तरीक श्रोतबाट बजेट खर्च व्यहोर्ने गरी स्वीकृत आयोजनाहरुको लागि संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा कटौती लगायत विविध कारणले बजेट अभावको तथा अपुगको अवस्था श्रृजनाहुन गएकोले कार्यान्वयनका लागि पत्राचार भैनसकेका आयोजनाहरुको हकमा रकम सुनिश्चितताको आधारमा मात्र कार्यान्वयन प्रकृया अगाडी नबढाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.६**

यस चालु आ.व.२०८१/२०८२ मा संघ सरकारबाट सशर्त अनुदानका रुपमा प्राप्त हुने जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रमको खर्चका लागि बजेट शीर्षक कटौती भैआएकोले उक्त खेलकूद प्रतियोगितामा पालिकास्तरबाट सहभागिता सुनिश्चित एवं सहजीकरण गर्नका लागि स्वीकृत खेलकूद सञ्चालन तथा सहायता कार्यक्रमबाट खर्च व्यहोर्ने गरी सम्बन्धित कार्यक्रम व्यवस्थापक शिक्षक वा गाउँ खेलकूद समितलाई रु. १ लाखमा नबढ्ने गरी भुक्तानी दिने निर्णय सर्व सम्मतीबाट पारित गरियो। साथै कबड्डी र भलिबल प्रशिक्षकको १५ दिनका लागि नियुक्ति गरी नियमानुसार पारिश्रमिक भुक्तानी गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.७**

यस गाउँपालिकामा रहेका संस्थागत विद्यालहरुबाट आधारभूत तह उत्तीर्ण परिक्षामा सहभागी परीक्षार्थी शुल्क वापत प्रति परीक्षार्थी रु.२७५।- (अक्षरेपी दुई सय पचहत्तर रूपैंया मात्र।) र पालिका अन्तरगतका विद्यार्थीहरुलाई शैक्षिक

प्रमाणित

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शुक्लाफाँटा, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल